# नेत्रलाल 'अभागी' को जीवनयात्रा र कृतित्व

**रम्भाकुमारी अर्याल**
उपप्राध्यापक, नेपाली विभाग
नेसंवि, जनता विद्यापीठ, बिजौरी, दाङ, नेपाल
Email : rambha.aryal@nsu.edu.np

**सारसङ्क्षेप**

प्रस्तुत लेखमा २००१ सालमा दाङ जिल्लामा जन्मेका नेपाली साहित्यको प्रगतिवादी धाराका सशक्त कवि नेत्रलाल अभागीको जीवनयात्रा र कृतित्वको विश्लेषण गरिएको छ । राजनीतिक र साहित्यिक क्षेत्रमा 'अभागी' उपनामले परिचित नेत्रलाल लामो समय शिक्षण पेसामा संलग्न रही 'माड्साब' का नामले सार्वजनिक जीवनमा परिचित हुनुका साथै मूलतः राजनीतिक क्षेत्रमा सक्रिय व्यक्ति हुन् । २०१५ मा चौध वर्षको उमेरदेखि साहित्यिक क्षेत्रमा क्रियाशील रहेका नेत्रलालका दुईओटा कवितासङ्ग्रह र एउटा खण्डकाव्य पूर्णतः प्रकाशित छन् भने एउटा लघुकाव्य र एउटा महाकाव्यका केही अंश श्रद्धाञ्जलि पुस्तकमा सङ्कलन गरिएको पाइन्छ । त्यसबाहेक अनूदित र मौलिक गरी थप नौओटा कृतिका बारेमा विभिन्न अनुसन्धाताले उल्लेख गरेको तर हालसम्म आइपुग्दा तीमध्ये अधिकांश अप्राप्य बनेको देखिन्छ । प्रस्तुत अध्ययनमा पुस्तकालय कार्यमा आधारित रही नेत्रलाल अभागीका प्रकाशित पुस्तक, अप्रकाशित पाण्डुलिपि, उनको जीवनी र कृतित्वबारे लेखिएका पुस्तक र शोधलेख आदि द्वितीयक सामग्रीबाट आवश्यक तथ्यहरूको सङ्कलन गरी जीवनीपरक, ऐतिहासिक र व्याख्यात्मक विधिको आंशिक उपयोग गरेर विश्लेषणात्मक विधिमार्फत प्राप्त निष्कर्षको सामान्यीकरण गरिएको छ । निष्कर्षतः नेत्रलाल अभागीको साहित्यिक यात्रा उनको वैचारिक सचेततासँगै निर्मित र विकसित देखा पर्छ । नेत्रलालको प्रारम्भिक वैचारिक झुकाव कट्टर सनातनी परिवारमा जन्मेका कारण परम्परागत संस्कारबाट प्रभावित रहेको साथै जीवनयात्राका क्रममा साम्यवादी आन्दोलनमा लागेका व्यक्तिहरूसँगको सरसङ्गत र अध्ययन अध्यापनबाट प्राप्त नवीन दृष्टिकोणका कारण क्रमशः आधुनिक प्रगतिवादी चेतनाबाट ओतप्रोत हुँदै विकसित र व्यापक बनेको पाइन्छ । उनका साहित्यिक कृतिमा नेपाली क्रान्तिको विजय र जनताको मुक्तिको पवित्र चाहनाको अभिव्यक्ति पाइन्छ साथै सामन्तवाद, दलाल–नोकरशाही पूँजीवाद, विस्तारवाद, साम्राज्यवाद तथा प्रभुत्ववादविरुद्धको तिखो वैचारिकता प्रकट भएको देखा पर्छ । नेत्रलाल अनेकौँ साहित्यिक कृतिमार्फत जनतालाई जगाउने र मानसिक ऊर्जा दिने काममा सक्रिय रहेको निष्कर्ष प्रस्तुत अध्ययनबाट निःसृत हुन्छ ।

**शब्दकुञ्जी :** आन्दोलन, उत्पीडन, प्रगतिवाद, भूमिगत, भौतिकवाद ।

## विषयपरिचय

प्रस्तुत लेख कवि नेत्रलाल अभागीको जीवनयात्रा र व्यक्तित्वको परिचयका साथै उनको कृतित्वको जानकारीसँग सम्बन्धित छ । नेत्रलाल आत्रेयवंशी पौडेल थरको विपन्न परिवारमा जन्मेका थिए । तर उनी आफूलाई कुनै जातीय खोल ओढेर चिनाउन चाहँदैनथे । त्यसैले उनले जीवनको उत्तरार्धमा आफ्नो नामका पछाडि पौडेल लेख्न छाडे र 'अभागी' उपनामद्वारा आफूलाई परिचित तुल्याए । तसर्थ यस लेखमा पनि नेत्रलाललाई 'अभागी' उपनामद्वारा नै चिनाइएको छ ।

नेत्रलाल 'अभागी' को जन्म दाङ जिल्लाको दक्षिणपूर्वी भेगमा पर्ने धर्ना गाउँका बासिन्दा पं. मोहनलाल पौडेल (उपाध्याय) की

कान्छी पत्नी जयन्ती पौडेलतिरका नौ सन्तानहरू (३ छोरा, ६ छोरी) मध्ये कान्छा छोराका रूपमा २००१ साल पौष २७ गते भएको थियो । अन्वेषक वामदेव शर्माले उनको जन्म २००१ मंसिर ६ गते भएको कुरा उल्लेख गरेका छन् ।

नेत्रलाल बहुमुखी व्यक्तित्वका धनी थिए । उनी मूलतः राजनीतिक व्यक्ति हुन्, तर साहित्यिक क्षेत्रमा पनि उनको योगदान निकै महत्त्वपूर्ण छ । राजनीतिका क्षेत्रमा उनी दङाली जनताका माझ 'माड् साब' नामले र साहित्यिक क्षेत्रमा चाहिँ नेत्रलाल 'अभागी' का नामले परिचित थिए । उनी सानै उमेरदेखि श्रमशील, जिज्ञासु र अन्यायलाई नसहने प्रवृत्तिका स्पष्टवादी व्यक्ति थिए । दाङ जिल्लालाई कार्यक्षेत्र बनाएर नेपालको वाम–प्रजातान्त्रिक आन्दोलनमा क्रियाशील रहेका नेत्रलालले पछि गएर राष्ट्रिय राजनीतिमै आफ्नो अलग्गै पहिचान र छवि निर्माण गरेका थिए । उनै नेत्रलालको व्यक्तित्व र उनका कृतिहरूको सङ्क्षिप्त जानकारीतर्फ यो अध्ययन केन्द्रित छ ।

नेत्रलाल अभागी २०१५ सालतिरबाट नेपाली साहित्यको क्षेत्रमा देखा परेका हुन् । उनका तीनओटा पूर्ण कृति र एउटा अपूर्ण कृति प्रकाशित देखा पर्छन् । त्यसबाहेक उनले अन्य थुप्रै कृतिको रचना गरेको विवरण प्राप्त छ । तीमध्ये कतिपय अप्राप्य छन् भने कतिपय अपूर्ण रूपमा प्राप्त छन् र अप्रकाशित छन् । नेपालको राजनीतिक र साहित्यिक क्षेत्रमा नेत्रलालको योगदान निकै महत्त्वपूर्ण भए पनि उनले दिएको योगदानको तुलनामा विश्लेषण र मूल्याङ्कनको प्रयास ज्यादै कममात्र देखिएको छ । उनका बारेमा यथार्थमा आधारित प्राज्ञिक एवं वस्तुनिष्ठ अनुसन्धानको त एक प्रकारले अभाव नै देखा पर्छ । सोही कमीका सन्दर्भमा यो लेख लेखिएको हो । प्रस्तुत लेखमा निम्न प्राज्ञिक समस्याको समाधान गर्न खोजिएको छ–

**(क) नेत्रलाल 'अभागी' को जीवनयात्रा के कस्तो छ र उनले सिर्जना गरेका प्रमुख कृतिहरू कुन कुन हुन् ?**

## पूर्वाध्ययनको पुनरवलोकन

नेत्रलाल 'अभागी' को व्यक्तित्व र कृतित्वमा केन्द्रित रही अनुसन्धानको थालनी गर्नुअघि तिनबारे भएका पूर्वअध्ययनहरूको अनुशीलन र विश्लेषण आवश्यक देखिन्छ । यस्तो समीक्षाले नेत्रलालबारे अहिलेसम्म भएको अध्ययनको मोटामोटी प्रवृत्तिलाई बुझ्न र त्यसमा रहेका कमीहरू पत्ता लगाएर अनुसन्धानको बाटो तय गर्न आवश्यक सहयोग प्राप्त हुन्छ । प्रस्तुत शोधकार्यको पृष्ठभूमिस्वरूप यहाँ नेत्रलालको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पक्षमा केन्द्रित रही गरिएका पूर्वाध्ययनहरूको विवरण कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ :—

प्र. नेपाल कम्युनिष्ट पार्टी (माक्र्सवादी लेनिनवादी) (२०४१) को केन्द्रीय कमिटीले नेत्रलालको निधनपछि उनकी श्रीमतीलाई समवेदना सन्देश (सन्दर्भित : श्रद्धाञ्जलि, पृ.४–७) पठाएको देखिन्छ । उक्त सन्देशमा नेत्रलाललाई हाम्रो समाजमा आम जनतामा भइरहेको स्वदेशी तथा विदेशी शोषण, अन्याय अत्याचार, दमन र उत्पीडनलाई अन्त्य गर्न; एउटा स्वतन्त्र, मुक्त र समृद्ध नेपालको निर्माण गर्न, मानिसमाथि मानिसद्वारा भैरहेको शोषण र अत्याचार अन्त्य गरी जनताको सुन्दर भविष्यको निर्माण गर्न धेरै वर्ष अघिदेखि सङ्घर्षरत एकजना कर्मठ सदस्य, दृढ सर्वहारा क्रान्तिकारी योद्धा, प्रगतिशील साहित्यकार, अथक जनसेवी र महान् देशभक्तका रूपमा चित्रित गर्नुका साथै उनले नेपाली जनतालाई देशी विदेशी शोषण, उत्पीडन र दमनबाट मुक्ति दिलाउन अनेकौँ महत्त्वपूर्ण योगदानहरू दिएको कुरा उल्लेख गरिएको छ ।

सोही सन्देशमा नेत्रले नेपाली श्रमिक जनताका वर्गीय र राष्ट्रिय शत्रुका साथै रोग, व्याधि जस्ता प्राकृतिक शत्रुका विरुद्ध पनि सङ्घर्ष गर्दै आएको कुरा उल्लेख गर्दै कामकै दौरानमा नेत्रलाल अन्तिम अवस्थातिर उच्च रक्तचापको बिमारीले ग्रस्त भएको र भूमिगत रूपले देशको कुनै भागबाट अर्को भागमा पैदल गइरहेको बेलामा अचानक बिमारीले च्यापी २०४१ साल ज्येष्ठ ६ गते बिहान हृदयगति बन्द भै उनको अत्यन्त असामयिक दुःखद् निधन भएको कुरा उल्लेख गरिएको छ ।

यस सन्देशमा नेत्रलाल विगत दश वर्षदेखि पारिवारिक जीवनलाई समेत त्याग गरेर भूमिगत रूपमा राजनीतिक गतिविधिमा संलग्न भएको र उनलाई छरछिमेकीहरूले 'मास्टर साहेब' भनेर चिन्ने गरेको कुरा पनि उल्लिखित छ। यसरी यस सन्देशबाट नेत्रलालको राजनीतिक जीवन, पार्टी गतिविधि र साहित्यिक संलग्नताबारे केही महत्त्वपूर्ण सूचनाहरू प्राप्त हुन्छन्। उक्त सूचनालाई प्रस्तुत लेखमा विषय विश्लेषणका लागि उपयोग गरिएको छ।

मोदनाथ प्रश्रित (२०४२, पृ. घ) ले नेत्रलालद्वारा लिखित कविताकृति 'सतिसाल मात्र ठिङ्ग उभिन सक्छ' को भूमिका खण्डमा 'कवि जस्ता कविता र कविता जस्ता कवि' शीर्षकमा नेत्रलालको साहित्यिक एवम् राजनीतिक योगदानका बारेमा सङ्क्षिप्त चर्चा गरेका छन्।

प्रश्रितका अनुसार, जनताका प्यारा, आदरणीय र विश्वासपात्र नेत्रलालले जे सोचे, त्यही बोले, जे बोले, त्यही लेखे र जे लेखे बिलकुल त्यस्तै आचरण गरे। जनद्रोही, युगद्रोही अन्धकारका शक्तिहरूका विरुद्ध जनता, युग र उज्यालोका पक्षमा सही सही कुरा सोच्नु; त्यही बोल्नु, लेख्नु र ठिक त्यही आचरण र व्यवहारलाई जीवनभर लागु गर्नु नेपालको वर्तमान अवस्थामा कम गाह्रो र कष्टसाध्य कुरा हैन, तर नेत्रलाल यी सबै परीक्षामा खरो उत्रिएका प्रगतिवादी साहित्यकार र क्रान्तिकारी व्यक्तित्व थिए। प्रश्रितले नेत्रलाल अनेकौँ सामाजिक सुधार र संरचनाका क्षेत्रमा गत पच्चीस वर्षदेखि र क्रान्तिकारी राजनीतिक गतिविधिमा गत पन्ध्र वर्षदेखि लगातार संलग्न रहेको सूचना पनि दिएका छन्।

यसरी प्रश्रितले नेत्रलाल पौडेलको व्यक्तित्व, जीवनदर्शन र काव्यकारिताबारे यथार्थ टिप्पणी गरेका छन्। प्रश्रितको यो आलेखमा दिइएका सूचनालाई प्रस्तुत अध्ययनमा नेत्रलालको व्यक्तित्व र कृतित्वको विश्लेषणका क्रममा उपयोग गरिएको छ।

प्र. नेपाल कम्युनिष्ट पार्टी (मा.ले.) सुदूर पश्चिम क्षेत्रीय सङ्गठन कमिटी (सन् १९८४) ले नेत्रलालको निधन भएको केही महिनापछि पाइएका उनको शरीरका अवशेषहरूलाई उनको जन्मस्थान धर्ना गाउँको नजिक बबई नदीको किनारमा लगी सद्गत गर्ने क्रममा सुनाएको श्रद्धाञ्जलि सन्देशमा दाङ देउखुरी जिल्लामा प्र.ने.क.पा.(माले) को प्रतिष्ठा नेत्रलालसँग जोडिएको कुरा उल्लेख गरिएको छ

(सन्दर्भित : श्रद्धाञ्जलि, पृ.११)। उक्त सन्देशमा उल्लेख गरिएको विवरणबाट २०३५ सालमा दाङ जिल्ला कमिटी प्र.ने.क.पा. (माले) मा सामेल हुँदा नेत्रलाल त्यसका अगुवा रहेको र २०३६ सालमा उनी प्र.ने.क.पा. (माले) को केन्द्रीय सदस्य बनेको कुरा थाहा हुन्छ।

प्रस्तुत लेखमा नेत्रलालको जीवनीपरक अध्ययनका सन्दर्भमा यस सन्देशमा उल्लेख भएका कुरालाई पनि उपयोग गरिएको छ।

नेत्रलाल पौडेलको २०४१ सालमा निधन भएपछि समकालीनहरूका संस्मरणहरूको सङ्कलनका रूपमा ''श्रद्धाञ्जली नेत्रलाल पौडेलप्रति'' शीर्षक एक पुस्तिका चिनारी प्रकाशनद्वारा २०४४ सालमा प्रकाशित भएको देखिन्छ। उक्त पुस्तिकामा नेत्रलालका थुप्रै समकालीन साथीहरूले नेत्रलालको राजनीतिक र साहित्यिक योगदानका बारेमा चर्चा गर्नुका साथै उनीसँग सम्बन्धित व्यक्तिगत संस्मरणहरूसमेत प्रकाशित गरेका छन्। सो सङ्कलनमा त्यतिखेर प्रतिबन्धित अवस्थामा रहेको नेत्रलालसम्बद्ध प्र. ने.पा. (माले) का समवेदना सन्देशहरू, नेत्रलालको सङ्क्षिप्त जीवनी, केही कविता र मूलतः संस्मरणहरू सम्मिलित छन्। उक्त सङ्कलनमा जम्मा उन्नाईसओटा लेखरचना समाविष्ट रहेको देखिन्छ। सो सङ्कलनमा समाविष्ट प्रमुख लेखरचना र तिनमा पाइने यस लेखका लागि उपयोगी सूचनाहरूको जानकारी निम्नानुसार छ :

दीपक शर्माले ''कमरेड नेत्रलाल पौडेलको सङ्क्षिप्त जीवनी'' शीर्षकअन्तर्गत नेत्रलाल पौडेलको जीवनी र व्यक्तित्वबारे चर्चा गरेका छन् (पृ.१७–३७)।

रमेश कौशिकले सोही सङ्कलनमा ''वहाँलाई सम्झदा'' शीर्षकअन्तर्गत नेत्रलालसँग सम्बन्धित केही वैयक्तिक संस्मरण र उनको

व्यक्तित्वबारे चर्चा गरेका छन् (पृ.३८–४०) । कौशिकका अनुसार, नेत्रलाल २०२३ देखि अविच्छिन्न रूपमा नेपाली कम्युनिष्ट आन्दोलनसँग सम्बन्धित रहे र निधनको पाँच वर्ष अघिदेखि उनी नेकपा (माले) पार्टी समूहको केन्द्रीय समितिमा कार्यरत थिए ।

विवेकले सोही सङ्कलनमा ''एउटा गहिरो चिनारी जो मरेर पनि मुटुभरि बाँचेकै छ'' शीर्षकअन्तर्गत नेत्रलालसँग सम्बन्धित व्यक्तिगत संस्मरणहरू प्रस्तुत गरेका छन् (पृ.४२) । उनका अनुसार, भाषा र साहित्यप्रति नेत्रलालको गहिरो अभिरुचि थियो । अर्घाखाँचीमा अध्यापन गर्दाताक उनले नेपाली व्याकरणबारे आफ्नै मौलिक विचारलाई बहसमा ल्याएका थिए र भाषामा एकरूपता ल्याउनका लागि नेपालीमा तीनओटा (श, ष, स) सकारका सट्टा एउटै 'स' प्रयोगमा ल्याउने प्रयास थालेका थिए । यसै प्रयासस्वरूप 'श्री' लाई उनी 'स्री' लेख्थे ।

यस सङ्कलनमा रहेको विन्दु नेपालको ''नेत्रलाल 'अभागी' ज्यूलाई सम्झँदा'' शीर्षक लेखमा नेत्रलालको साहित्यिक योगदानका बारेमा केही सूचनाहरू दिइएको छ । यस सङ्कलनमा रहेका जुकनु चौधरीको ''क. नेत्रका केही रोचक प्रसङ्गहरू'' शीर्षक लेख र मोदनाथ प्रश्रितको ''जसले केवल दिन मात्र जान्यो'' शीर्षक लेख पनि महत्त्वपूर्ण सन्दर्भ सामग्री हुन् ।

भागवतप्रसाद शर्मा (२०६२) ले नेत्रलाल पौडेल 'अभागी' को 'वर्गप्रेम' कविता सङ्ग्रहको भूमिकामा नेत्रलाल अभागीको साहित्यिक यात्रा १४ वर्षको उमेरदेखि सुरु भएको कुरा उल्लेख गरेका छन् । उनी साहित्यकार श्यामप्रसाद शर्माबाट प्रगतिवादी साहित्यसृष्टितर्फ उत्प्रेरित भएको शर्माको ठहर छ ।

प्रदीप नेपाल (मिति बेगर) ले 'मुक्त आकाशको खोजी' पुस्तकको दोस्रो भाग मदन भण्डारी र जीवराज आश्रितका साथै नेत्रलाल 'अभागी' मा समेत समर्पण गरेका छन् । उक्त पुस्तकमा उनले एक ठाउँमा मात्र नेत्रलालको निकै छोटो प्रसङ्ग (पृ. ८०) उल्लेख गरेको देखिन्छ ।

वामदेव शर्मा (२०६२) ले 'नेत्रलाल अभागीको वर्गसापेक्ष साहित्य र राजनैतिक यात्रा' पुस्तकमा नेत्रलाल अभागीको व्यक्तित्व र कृतित्वबारे चर्चा गरेका छन् । प्रारम्भ, जन्म र बाल्यकाल, अध्ययन र शिक्षा, नेत्रलाल माड्सावका रूपमा आदि शीर्षकअन्तर्गत नेत्रलालको जीवनका विविध पक्षको चर्चा भए पनि यस पुस्तकमा गरिएको अध्ययन अपूर्ण नै देखिन्छ ।

माथि दिइएको विवरणबाहेक पनि नेत्रलाल पौडेल 'अभागी' को जीवनी, व्यक्तित्व र कृतित्वबारे काठमाडौँ र मोफसलबाट प्रकाशित हुने केही पत्रिकाहरूमा फुटकर लेखरचनाहरू प्रकाशित छन् । तर त्यस्ता लेखरचनाहरू प्रायशः टिप्पणीमूलक र समालोचनात्मक दृष्टिले खासै मूल्य राख्ने नदेखिएकाले यहाँ उल्लेख गरिएन ।

नेपालको वाम–प्रजातान्त्रिक राजनीतिक क्षेत्र र कवितासाहित्यमा २०१५ सालपछि सार्वजनिक रूपमा देखा परेका र गतिशील वैचारिक प्रवृत्तिका साथ सिर्जनारत रहँदै आएका नेत्रलाल पौडेलको काव्यसाधना र साहित्यिक एवं वैचारिक योगदान महत्त्वपूर्ण रहेको कुरा उपर्युक्त पूर्वकार्यहरूको अनुशीलनबाट प्रमाणित हुन्छ । उनका बारेमा हालसम्म भएका पूर्वकार्यहरूमध्ये अधिकांश लेखोटहरू टिप्पणीमूलक छन् र उनको व्यक्तित्वको समग्रतालाई समेट्न असमर्थ देखिन्छन् । माथि दिइएको पूर्वकार्यको विवरण र सर्वेक्षणबाट के कुरा स्पष्ट हुन्छ भने नेत्रलाल र उनको साहित्यकर्मलाई विषयवस्तु बनाएर लेखिएका समालोचनात्मक लेखरचनाको सङ्ख्या नगण्यप्रायः छ । यसबाट उनका बारेमा अझै धेरै अध्ययन हुन बाँकी देखिन्छ ।

## शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्दा सामग्री सङ्कलन र विश्लेषणका लागि निम्न शोधविधिहरू अवलम्बन गरिएको छ :

### सामग्री सङ्कलन विधि

प्रस्तुत लेखमा मूलतः पुस्तकालय कार्यमा आधारित रही आवश्यक सामग्रीहरू सङ्कलन गरिएको छ । पुस्तकालयमा रहेका पुस्तक,

पत्रपत्रिका र अन्य स्रोतबाट सामग्री सङ्कलन गर्दा टिपनपत्रको प्रयोग गरी सामग्री सङ्कलन कार्यलाई व्यवस्थित तुल्याइएको थियो । प्रस्तुत अध्ययनमा नेत्रलाल अभागीका प्रकाशित पुस्तक, अप्रकाशित पाण्डुलिपि, उनको जीवनी र कृतित्वबारे लेखिएका पुस्तक र शोधलेख आदि द्वितीयक सामग्रीबाट आवश्यक तथ्यको सङ्कलन गरिएको छ ।

## विश्लेषण विधि

प्रस्तुत शोधकार्यका निम्ति सङ्कलित सामग्रीको विश्लेषण गर्ने मुख्य सैद्धान्तिक रूपाधार जीवनी, व्यक्तित्व र कृतित्वपरक अध्ययन ढाँचा हो । यसमा नयाँ सिद्धान्तको स्थापना गर्ने उद्देश्य नराखी स्थापित सिद्धान्तको प्रयोगद्वारा सामग्रीको विश्लेषण गरिएको छ । यसमा जीवनीपरक, ऐतिहासिक र व्याख्यात्मक विधिको आंशिक उपयोग गरिएको भए पनि मूलतः विश्लेषणात्मक विधिमार्फत सामान्यीकृत निष्कर्षमा पुगिएको छ ।

## अध्ययनको अवधारणात्मक रूपरेखा

प्रस्तुत लेख तयारीका क्रममा जीवनीपरक समालोचनाका आंशिक सिद्धान्तहरूको उपयोग गर्दै नेत्रलाल अभागीको जीवनयात्रा र कृतित्वबिचको अन्तःसम्बन्धको विश्लेषण गर्ने निश्चित अवधारणात्मक ढाँचाको निर्माण गरिएको छ । उक्त ढाँचअन्तर्गत नेत्रलाल अभागीको जीवनयात्रा, व्यक्तित्व र कृतित्व जस्ता उपशीर्षकमा विषयवस्तुको विश्लेषण गरी निष्कर्ष उपस्थापन गरिएको छ ।

## नेत्रलाल अभागीको जीवनयात्रा

नेपालको तत्कालीन मध्यपश्चिमाञ्चल विकासक्षेत्रअन्तर्गत राप्ती अञ्चलको दक्षिण पूर्वको जिल्ला दाङको दक्षिणी भेगको सरिकोट भन्ने चुरेडाँडाको फेंदी र बबई नदीको ढिकमा बसेको धर्ना गाविस सिसैपुर गाउँमा नेत्रलाल पौडेल अभागीको जन्म भएको थियो । नेत्रलालका आत्रेय गोत्री पौडेल थरका पुर्खा पश्चिमतिरबाट बसाइँ सर्दै यस गाउँमा आएको बताइन्छ ।

नेत्रका बाबु मोहनलाल पौडेल (उपाध्याय) पुरोहित पेसामा लागेका कट्टर धार्मिक व्यक्ति थिए । उनका दुई श्रीमतीहरू थिए । नेत्र कान्छी जयन्ती पौडेलतिरका नौ सन्तानहरू (३ छोरा, ६ छोरी) मध्येका कान्छा छोरा हुन् (शर्मा, २०४४, पृ. १६) । उनको जन्म २००१ साल पौष २७ गते भएको थियो । वामदेव शर्माले उनको जन्म २००१ मङ्सिर ६ गते भएको कुरा उल्लेख गरेका छन् (शर्मा, २०६२, पृ.२) ।

नेत्रलालको प्रारम्भिक बाल्यावस्थाका बारेमा खासै सूचनाहरू उपलब्ध छैनन् । उनको मध्यबाल्यकालअन्तर्गतको जीवनवृत्तका बारेमा उपलब्ध सूचनाहरूलाई विश्लेषण गर्दा नेत्रलाल सानै उमेरदेखि जिज्ञासु तथा अन्यायलाई नसहने प्रवृत्तिका रहेको थाहा हुन्छ । उनी आफ्ना बाबुआमाका कान्छा छोरा भएको हुँदा लाडप्यारमा हुर्केका थिए । पुरोहित ब्राह्मणको छोरा भएको हुँदा गाउँघरका स्कुलमा बाह्रखरी मात्राको अध्ययनपछि आधुनिक शिक्षा ग्रहण गर्दागर्दै आफ्ना बाबुबाट कर्मकाण्ड समेत सिक्ने गर्थे । उनी पढ्नमा तीक्ष्ण र लगनशील भएका हुँदा राम्रैसँग अध्ययन गरे । उनको बानी अलिक संवेदनशील खालको थियो, त्यसैले केटाकेटी उमेरमा कतै कसैसँग खेल्न जाँदैनथे । आफ्नै बाबुको छेउमा बस्ने र पौराणिक कथाहरू र इतिहासका कुराहरू सुन्ने गर्थे (चौधरी, २०४४, पृ. ६२) । नेत्र सानो छँदा निकै डराउने डरपोक स्वभावका मान्छे थिए । उनी लोखर्के देख्दा पनि भाग्थे (चौधरी, २०४४, पृ. ६२) । नेत्रलालले सानो उमेरमै दुर्गाकवच, चण्डी, रुद्री तथा अन्य कर्मकाण्डका पुस्तकहरू घरमै पढिसकेका थिए । यस पढाइले नेत्रको शिक्षा र अध्ययनप्रतिको बालरुचिलाई जागृत गराउँदै लगेको थियो (शर्मा, २०४४, पृ. १७) ।

वामदेव शर्माका अनुसार नेत्रलालले कक्षा सातसम्म गाउँकै निमावि स्कुलमा पढेको र २०१६ सालमा दाङ भरतपुरको पद्मोदय पब्लिक हाइस्कुलमा कक्षा आठमा भर्ना भई २०१८ सालमा एसएलसी परीक्षा उत्तीर्ण गरेको थाहा हुन्छ (शर्मा, २०६२, पृ. ३) ।

घरको आर्थिक अवस्था कमजोर भएको र घरबाट खर्च थेगेर घोराहीमा पढ्न गाह्रो भएकाले खिरिटे गाउँका एकजना पछाईका

घरमा बसी उनका छोराछोरीलाई पढाउँदै पद्मोदय माविको पढाइलाई निरन्तरता दिए। घोराही पढ्दाको समयमा पनि नेत्र बेलाबेला जजमानी गर्न जानुपथ्र्यो। नेत्रका पिताको जजमानी क्षेत्र धर्ना र देउखुरीको उत्तरी भेग थियो। त्यसैले देउखुरीतिर जजमानी गराउन जाँदा उतै रात बस्नुपर्ने भएकोले उनी जजमानी गरेर आएको पैसा आधा आधा बाँड्ने सर्तमा एकजना मान्छेलाई साथी लगेर जाने गर्थे।

नेत्रलालले सत्र वर्षको उमेरमा एसएलसी उत्तीर्ण गरे। एसएलसीको नतिजा प्रकाशित नहुँदासम्म उनले केही महिनाका लागि देउखुरी गढवास्थित प्रा.वि. स्कुलमा अध्यापन गरे। नतिजा निस्केपछि उनी घोराहीकै महेन्द्र बहुमुखी क्याम्पसमा भर्ना भए र त्यहाँबाट आइए परीक्षा पास गरे। आइए पास गर्दा उनी उन्नाईस वर्ष पुगिसकेका थिए।

नेत्रलाल पढाइमा अत्यन्त तीक्ष्ण र लगनशील थिए। त्यस बेला दाङमा विद्यार्थी राजनीतिको क्षेत्र अत्यन्त सक्रिय थियो, तर भरतपुरमा बसुञ्जेल उनी राजनीतिबाट खासै प्रभावित भएको देखिँदैन। त्यतिखेरै दाङ भरतपुरमा पद्मोदय पब्लिक हाइस्कुलका विद्यार्थीहरूको अगुवाइमा रामसुरत त्रिपाठीविरुद्ध विद्यार्थी आन्दोलन चर्केको थियो। तर नेत्रलाल यस आन्दोलनमा सक्रिय रहेको प्रमाण पाइँदैन। २०२० सालमा नेत्रलाल पौडेल उच्च अध्ययन गर्ने उत्साहसाथ काठमाडौँतिर लागे। तर अरूले दिएका आश्वासन र सरसहयोगका कुरा नाममात्रकै भए। विभिन्न कठिनाइ र अभावका बिचमा बयेली खेल्दै नेत्रले २०२२ सालमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत त्रिचन्द्र कलेजबाट नेपाली विषयमा स्नातक (बी.ए.अनर्स) परीक्षा उत्तीर्ण गरे। नेत्रलालको औपचारिक शिक्षाको क्रम यहीँनेर समाप्त भयो। वामदेव शर्माका अनुसार नेत्रलाल काठमाडौँमा बस्दा धुम्बाराहीमा अस्थायी प्रावि शिक्षक बनेका थिए (शर्मा,२०६२, पृ.४)।

त्यतिखेर काठमाडौँमा विभिन्न राजनीतिक र साहित्यिक छलफल, सभा, गोष्ठी र अन्तर्क्रियाहरू गोप्य रूपमा हुने गर्थे। नेत्रलाल पनि बिस्तारै बिस्तारै यस्ता कार्यक्रमहरूमा सहभागी हुन थाले। यतिखेरै उनको भेट प्रसिद्ध प्रगतिवादी साहित्यकार श्यामप्रसाद शर्मासँग भयो। शर्मासँगको भेट नेत्रलालको जीवनयात्राको एउटा महत्त्वपूर्ण मोड बन्न पुग्यो। यसै भेटबाट प्रेरित भएर नेत्रलाल मार्क्सवादी दर्शनको अध्ययनतिर लागे र बिस्तारै वामपन्थी राजनीतितिर आकर्षित भए।

यतिखेरै नेत्रलालले ‘सतिसाल मात्र ठिङ्ग उभिन सक्छ’ कविता सङ्ग्रहमा समाविष्ट ‘उल्लुसँग’ शीर्षक कविता लेखेको थाहा हुन्छ। यो कविता लेख्ने बेला नेत्रलालमा प्रगतिवादी भावना पलाइसकेको बुझिन्छ। यसरी दाङमा छँदा राजनीतिनिरपेक्ष रहेका नेत्रलाल काठमाडौँ आएको दुई वर्ष पुग्दा नपुग्दै प्रगतिवादतिर उन्मुख भएको स्पष्ट हुन्छ। वास्तवमा सोह्रदेखि चौबीस वर्षसम्मको प्राथमिक युवावस्थाको आठ वर्षे अवधि नेत्रलालको जीवनको वैचारिक सङ्क्रमणको अवधि हो। नेत्रलालको वास्तविक पहिचान र विचारनिर्माणको पृष्ठभूमि यसै समयावधिसँग सम्बन्धित छ।

स्नातक परीक्षा उत्तीर्ण गरेपछि प्राथमिक युवावस्थामै नेत्रलाल अर्घाखाँची जिल्लाको चुत्राबेंसीस्थित जनज्योति माविमा शिक्षक बन्न पुगे। त्यतिखेर उनको आर्थिक अवस्था अत्यन्त कमजोर थियो र आफूले पढ्दा लागेको ऋण तिर्नुपर्ने बाध्यता पनि थियो। त्यसैले उनले कुनै न कुनै काम नखोजी नहुने भइसकेको थियो। शिक्षक पेसा अपनाएर अर्घाखाँची पुग्नुलाई नेत्रलालको यही बाध्यताको परिणाम भन्न सकिन्छ। अर्घाखाँची पुगेपछि नेत्रलाल नेकपा जिल्ला कमिटी अर्घाखाँचीको सम्पर्कमा पुगे। त्यस विद्यालयमा अध्यापन गर्नुसँगै उनी विस्तार विस्तार राजनीतिक गतिविधिहरूमा समेत सामेल हुन थाले। विद्यालयको वार्षिक मुखपत्रका रूपमा ‘आँकुरो’ नामक साहित्यिक पत्रिकाको प्रकाशन पनि उनकै पहलमा भएको थियो। वामदेव शर्मा (२०६२, भूमिका) का अनुसार ‘आँकुरो’ को पहिलो मुद्रण बनारसमा भएको थियो।

अर्घाखाँचीमै रहेका बेला नेत्रलालले २०२३ सालमा नेकपा अर्घाखाँची जिल्ला कमिटीबाट पार्टी सदस्यता प्राप्त गरे। यतिखेरै नेत्रलालले ‘प्युठान बनूँ झै लाग्छ’ र ‘हाम्रो शत्रुता हाम्रो मित्रता’ शीर्षकका दुई कविता लेखेको देखिन्छ। ‘प्युठान बनूँ झैँ लाग्छ’

कवितामा उनी स्वच्छन्दतावादी भावुक प्रकृतिप्रेमी कविका रूपमा देखा परेका छन् भने 'हाम्रो शत्रुता हाम्रो मित्रता' कवितामा उनको वर्गीय चेत अत्यन्तै सघनतापूर्वक प्रकट भएको छ ।

'हाम्रो शत्रुता हाम्रो मित्रता' कवितामा नेत्रलालको गृह जिल्ला दाङमा रहेको जमिन्दारी प्रथा र त्यस प्रथाभित्र समाहित पात्रमा देखा पर्ने सामन्ती सोच र उनीहरूले आफ्नो वर्गभन्दा बाहिरको मान्छेलाई हेर्ने भेदपरक दृष्टिकोणको समेत तीक्ष्ण अभिव्यक्ति छ । यसरी अर्घाखाँचीमा रहँदा नेत्रलालको राजनीतिक र वैचारिक विकास हुन थालेको, उनको कवितात्मक संवेदना तीव्र भैसकेको र वर्गीय चेतना पनि विकसित बनेको देखिन्छ । त्यसबेला अर्घाखाँची र गुल्मीमा प्रनेकपाको संयुक्त जिल्ला कमिटी कार्यरत थियो । त्यसले पार्टी केन्द्रमा आएको फुटपछि सबैसँग सम्पर्क कायम राख्दै विशेषतः पुष्पलालको नजिक रहेर काम गर्दै थियो । नेत्रलाल त्यस संयुक्त जिल्ला कमिटीको सम्पर्कमा पुगे र पार्टी काममा जुट्दै पछि गएर सदस्यता समेत प्राप्त गरे (शर्मा, २०४४, पृ. २१) ।

नेत्रलालले अर्घाखाँचीमा डेढ वर्षजति मात्रै अध्यापन गरे । २०२४ सालमा उनी दाङ फर्किए र नारायणपुरको तत्कालीन प्राविमा अध्यापन गर्न थाले । नारायणपुर प्राविमा पढाउन थालेपछि नेत्रलालकै अगुवाइ र पहलमा स्थानीय जनताको सहयोग जुटाई उक्त विद्यालयलाई सिद्धरत्न माविमा परिणत गरियो र नेत्रलाल त्यसका प्रधानाध्यापक बने । २०२४ सालमै नेकपा दाङ जिल्ला कमिटीले उनलाई जिल्ला कमिटीको सल्लाहकारमा मनोनयन गर्‍यो । यसरी पार्टी काम, अध्यापन र लेखन यी तीनओटै क्षेत्रमा नेत्रलालको सक्रियता बढ्दै गयो । सुरुदेखि नै त्यस भेगमा उनले आधुनिक शिक्षाको प्रचार–प्रसारलाई तीव्र पारे । नेत्रलाल खास गरेर पिछडिएका थारू जातिका किसान समुदायका बिचमा एउटा उत्तरदायी व्यक्तिका रूपमा गहिरिएर रिज्नेभिज्ने गरेका थिए । यी सबै सामाजिक तथा क्रान्तिकारी व्यवहारहरूले गर्दा नेत्रलाल स्थानीय जनताबिच अति लोकप्रिय हुँदै गए । त्यस भेगका अधिकांश मानिसहरूले उनलाई सम्मानपूर्वक 'मास्टर साहेब' या 'माड्साब' भनेर बोलाउन थाले । पछि गएर यो सम्बोधन जिल्लाका बालक, वृद्ध, नौजवान सबैको सम्बोधन बन्न पुग्यो र अहिलेसम्म पनि दाङको साम्यवादी वृत्तमा 'माड्साब' भन्नाले नेत्रलाललाई नै बुझिन्छ ।

नेत्रलालले नारायणपुरमा २०२४ देखि २०३० सम्म ६ वर्ष अध्यापन गरे । नारायणपुरमा रहँदा उनी डोक्रेनास्थित नारायण आचार्यका घरमा डेरा गरेर बस्थे । २०२६ सालको 'चिनिया काजी दिवस' को दिनमा उनी आफ्नो डेराबाट वामदेव शर्मासँगै पक्राउ परे र जिप्रका घोराही हुँदै तुल्सीपुर ठानामा पुर्‍याइए । यसरी पक्राउ पर्दा इन्स्पेक्टर तिलबहादुर केसीको निर्देशनमा नारायण आचार्य, कृष्ण आचार्य, ठाकुरप्रसाद आचार्य, वामदेव शर्मा र नेत्रलाल गरी पाँच जनालाई निर्घात कुटपिट गरिएको कुरा वामदेव शर्मा (शर्मा, २०६२, पृ. ६) ले उल्लेख गरेका छन् ।

नेत्रलालले नारायणपुर स्कुलमा अध्यापन गरिरहेको समयमै २०२८ सालमा नयाँ शिक्षा योजना लागु भयो । आफू प्रधानाध्यापक भए पनि नेत्रलालले यो शिक्षानीतिलाई औपनिवेशिक शिक्षानीति, जनविरोधी शिक्षानीति, साम्राज्यवादी संस्कृति राष्ट्रिय जीवनमा हुल्न खोज्ने शिक्षानीति तथा शिक्षा नियोजन गर्ने शिक्षानीतिका रूपमा विवेचना गर्दै यसको विरोध गरे । नेत्रलालका कारण त्यतिखेर नारायणपुरको सिद्धरत्न मावि दाङ जिल्लाको कम्युनिष्ट आन्दोलनको केन्द्र बन्दै गएको थियो । यो कुरा पञ्चायती व्यवस्थाका स्थानीय शासकहरूलाई मन परेको थिएन । त्यसैले २०२८ सालमा सिद्धरत्न मावि नारायणपुरमा स्कुलको वार्षिकोत्सव भइरहेको बेला विद्यालयमा आगो लगाउनेसम्मको काम भयो (शर्मा, २०६२, पृ. ७) । त्यसताका वनारसमा दाङबाट पढ्न गएका वामपन्थी युवाहरूले छात्रमण्डल वाराणसीको नाममा 'सन्देश' नामको प्रगतिशील साहित्यिक पत्रिका प्रकाशन गर्थे । सोही पत्रिकामा उनको 'बधाई सन्देश– कमरेड होचिमिन्हलाई' शीर्षक कविता र कथित नयाँ शिक्षाको विरोधमा लेखिएका अन्य दुई कविताहरू पनि प्रकाशित भए । उक्त कवितामध्ये 'सतिसालमात्र ठिङ्ग उभिन सक्छ' शीर्षक कविता २०४२ मा सोही शीर्षक राखेर प्रकाशित कवितासङ्ग्रहको पृ.१९–२२ मा समाविष्ट छ । सो कविता नेत्रलालले २०२५ सालमा लेखेको र २०२९ सालमा सन्देशमा छापिएको देखिन्छ ।

'सन्देश' मा उक्त कविता प्रकाशित भएपछि पञ्चायती शासकहरूले उनलाई राज्य र व्यवस्थाकै निम्ति खतरनाक व्यक्तिका रूपमा हेर्न थाले। कम्युनिष्ट भएको निहुँमा शिक्षक पदबाट उनलाई हटाइयो र पक्राउको वारेन्ट जारी भयो। त्यसपछि नेत्रलाल छँदा खाँदाको मावि शिक्षकको जागिर छोडेर भूमिगत भए। भूमिगत रूपमै उनी जनसङ्गठनको काममा लागे। त्यसपछिको उनको सम्पूर्ण जीवन भूमिगत रूपमा पार्टी विस्तारकै काममा बित्यो।

यहाँनेर नेत्रलालको पछिल्लो पारिवारिक स्थितिका बारेमा पनि जानकारी दिनु आवश्यक देखिन्छ। नेत्रलाल जन्मिनुअघिदेखि नै परिवारमा विघटन आउन थालिसकेको थियो। नेत्रलालले नारायणपुर स्कुलमा पढाउन थाल्नुअघि नै उनका पिताको देहान्त भइसकेको थियो। नारायणपुरमा पढाउन थालेपछि विष्णु कवितासँग उनको दोस्रो विवाह भयो। विष्णु कविताभन्दा पहिले नेत्रलालको विवाह नौ वर्षको बाल्यकालमै बलरामपुर निवासी एकजना प्रवासीकी शिशु कन्यासँग भैसकेको थियो। विवाहपश्चात् केही वर्षमै ती पत्नीको निधन भएकाले उनले दोस्रो विवाह गरेका हुन्। दोस्रो विवाह गर्दा उनको उमेर २४ वर्ष थियो। नेत्रलाल र विष्णु कविताका चार सन्तानहरू छन्; जसमध्ये तीनओटी छोरीहरू सम्झना, विपना र सपना हुन् भने एक छोरा अजय छन्। विवाहको केही वर्षपछि विष्णु कविताले परिवार नियोजनमा सानोतिनो नोकरी गर्न थालिन् र जग्गाको थोरै आयस्ताबाट जेनतेन आफ्नो र चार छोराछोरीको पारिवारिक दायित्व सम्हालिन्।

नेत्रलालले चाहिँ कडा भूमिगत अवस्थामा पार्टी काम गर्दै रहे। भूमिगत कालमा नेत्रलालले क्रान्तिकारी साहित्यको अध्ययन र लेखन, क्रान्तिकारी एकताका लागि पहल, सङ्गठन विस्तार र जनसङ्घर्षका गतिविधिहरू अगाडि बढाए। यस्ता सङ्घर्षहरूमध्ये २०३७ सालमा दाङमा भएको बेलुवा बन्जारी किसान सङ्घर्ष महत्त्वपूर्ण छ। यद्यपि यस सङ्घर्षको अन्तिम चरणतिर केही अराजकतावादी लुटपाटका घटनाहरू पनि भएका थिए। पुस्तौंदेखि उत्पात थिचोमिचो र ठगाइमा परेका अल्पसङ्ख्यक थारू जातिका जनताहरूद्वारा जमिन्दारहरूविरुद्ध उठेको त्यस सङ्घर्षको लहरले स्थानीय जमिन्दारहरू गाउँ छाड्दै सहर पसेका थिए र प्रतिक्रियावादी शासकहरू पनि जमिन्दारहरूको सुरक्षाका निम्ति व्यग्र बनेका थिए। त्यसैको फलस्वरूप केन्द्रीय स्तरमै उक्त सङ्घर्षलाई दमन गर्न व्यापक योजना बनाइएको थियो र करिब ६ हजार पुलिस र सेनाको दलबल लिएर मेजर अपरेसन गरिएको थियो। उक्त सङ्घर्षमा सयभन्दा बढी कार्यकर्ता र समर्थकहरूलाई गिरफ्तार गरी निर्मम यातना दिइएको थियो भने ४० भन्दा बढीलाई ४ देखि १० वर्षसम्मको जेल सजाय तोकिएको थियो। यो घटनापछि शासकहरूले नेत्रलाललाई फेला पार्न निकै ठुलो प्रयत्न गरेको बताइन्छ। त्यतिखेर नेत्रलाललाई पक्रेर ल्याउने वा सुराक दिनेलाई २६ हजार पुरस्कार दिने घोषणा समेत गरिएको थियो। २०३८ सालमा आएर उक्त सङ्घर्षमा गिरफ्तार भएका पार्टी सदस्यहरूलाई मुद्दा चलाउने क्रममा नेत्रलालमाथि राज्यसत्ता पल्टाउने काममा नेतृत्व गरेको अभियोगसहित राजकाज मुद्दा लगाइयो र सर्वस्वहरणको फैसलाअनुसार उनको हिस्सामा पर्ने जायजेथाको तायदात समेत गरियो।

एघार वर्षसम्मको कठोर भूमिगत जीवनले नेत्रलालको शारीरिक स्थिति शिथिल हुँदै गइरहेको थियो। नेत्रमा २०४० सालको मङ्सिरदेखि उच्च रक्तचापको बिमारी देखा परेको थियो। त्यसै सालको फागुन महिनाको दोस्रो हप्ता उनी एक्लै पहाडी बाटो भएर हिँडेको बेला मुर्छासमेत परेका थिए। उपचारपछि उनको स्वास्थ्यमा सुधार आएकाले उनी पुनः पार्टी काममा सक्रिय भएर जुटेका थिए। २०४१ साल जेठ ६ गते उनी पार्टीको एउटा जरुरी कामले सम्पर्कका निम्ति देशको कुनै बिन्दुमा पुग्नुपर्ने थियो। प्रस्थानबिन्दुबाट हिँडे पनि उनी तोकिएको समयमा गन्तव्य स्थानमा पुगेनन्। यसपछि सम्बन्धित ठाउँबाट उनी कार्यरत रहेको क्षेत्रमा सम्पर्क गरेर बुझ्दा उनी दुई गते नै त्यहाँबाट हिँडिसकेको कुरा थाहा भयो। त्यस दौरानमा प्राप्त तथ्य प्रमाणहरूका आधारमा अन्ततः २०४१ साल जेठ ६ गते बिहानीपख नेत्रलाल पौडेलको असामयिक निधन भएको दुःखद् सत्य उद्घाटित भयो। उनी बितेको ६।७ महिनापछि मात्र उनको मृत्युको घटना पुष्टि भयो।

नेत्रलालको निधन राप्ती अञ्चलको दाङ जिल्लाअन्तर्गत थकरिकोटको फेंदी, वर्तमान लमही नगरपालिका नजिकै वौराहा

गाउँस्थित सुके खोलाको किनारमा भएको अनुमान गरिएको छ । पछि उनको खोजी कार्यका लागि तत्कालीन प्रनेकपा (माले) ले एउटा टोलीसमेत गठन गरेको थियो । सोही टोलीले व्यापक खोजीकार्यपछि प्राप्त प्रमाणका आधारमा उनको मृत्यु भएको कुरा आधिकारिक रूपमा पुष्टि गरेको थियो ।

## नेत्रलाल ‘अभागी’ को जीवनयात्रामा प्रतिबिम्बित व्यक्तित्व

नेत्रलालको जीवनयात्रालाई हेर्दा उनको व्यक्तित्व बहुआयामिक, निकै प्रभावी र अनुकरणीय रहेको थाहा हुन्छ । यहाँ नेत्रलालको व्यक्तित्वका विभिन्न पाटाहरूको परिचय सङ्क्षिप्त रूपमा दिइएको छ :

### साहित्यिक व्यक्तित्व

नेत्रलालको साहित्यिक व्यक्तित्वभित्र कवि, नाटककार, गीतकार तथा गायक व्यक्तित्व प्रमुख रहेको देखिन्छ । साहित्यिक क्षेत्रमा उनलाई नेत्रलाल पौडेल ‘अभागी’ भनेर चिनिन्छ । नेत्रलालले कति वर्षको भएपछि आफ्नो नामका पछाडि ‘अभागी’ उपनाम जोडेका थिए भन्ने कुरा स्पष्ट नभए पनि उनले काठमाडौँमा अध्ययन गर्ने बेला यो उपनाम राखेको बुझिन्छ । ‘अभागी’ शब्द संस्कृत भाषाको ‘अभाग’ शब्दमा ‘ई’ प्रत्यय जोडेर बनेको तत्सम विशेषण शब्द हो, जसको अर्थ भाग्य नभएको, कर्मखोटी, भाग नछुट्ट्याइएको, अंशबन्डा नगरिएको, अविभक्त आदि हुन्छ (बन्धु, २०६७, पृ. ६०–६१) । जेहोस्, नेत्रलालको साहित्यिक व्यक्तित्व पनि राजनीतिक व्यक्तित्व जत्तिकै उच्च र गहकिलो देखा पर्छ ।

### राजनीतिक व्यक्तित्व

नेत्रलालको राजनीतिक यात्राका बारेमा माथि विस्तृत विमर्श गरिएको छ । यसबाट उनलाई राजनीतिक प्रचारक, कुशल सङ्गठक र जनपक्षीय बौद्धिक विचारक व्यक्तिका रूपमा मूल्याङ्कन गर्न सकिन्छ ।

### शिक्षक व्यक्तित्व

नेत्रलालले गरेको शिक्षासेवा उल्लेख्य छ । काठमाडौँ, अर्घाखाँची र नारायणपुर गरी उनी जीवनमा झन्डै दश वर्ष शिक्षक बने । त्यसैले उनको शिक्षक व्यक्तित्व निकै महत्त्वपूर्ण छ । यस व्यक्तित्वअन्तर्गत उनले गरेका शैक्षिक सेवाका कामहरूको विमर्श माथि भैसकेको छ ।

### अनुवादक व्यक्तित्व

नेत्रलालको व्यक्तित्वको अर्को महत्त्वपूर्ण पाटो अनुवादक व्यक्तित्व हो । उनको कृतित्वमा दिइएका विवरणबाट उनले गरेका अनुवादसम्बन्धी महत्त्वपूर्ण कार्यको दिग्दर्शन प्राप्त हुन्छ ।

व्याकरणविद् व्यक्तित्व

नेत्रलालको व्याकरणविद् व्यक्तित्व पनि महत्त्वपूर्ण छ । यसबारे प्रश्रित (२०४४, पृ. ८२) को निम्न उद्धरण महत्त्वपूर्ण देखिन्छ :

उहाँ साहित्यिक सृजनाका साथै भाषाका क्षेत्रमा पनि केही आफ्नैखाले धारणाहरू प्रचलनमा ल्याउने प्रयासमा हुनुहुन्थ्यो । चुत्राबेंसी हाइस्कुलबाट निकालिएको ‘आँकुरो’ पत्रिकामा वहाँले भाषाको त्यही नयाँ धारणा प्रयोग गर्नुभएको थियो । ‘इ’ र ‘उ’ लाई सम्भवतः दीर्घैदीर्घ मात्र प्रयोग गर्ने, ‘स’ लाई मात्र प्रयोग गरी ‘श, ष’ लाई हटाउने र संयुक्ताक्षर पनि केही कम गर्ने, ‘श्री’ का ठाउँमा ‘सीरी’ लेख्ने जस्ता प्रयोगहरू ‘आँकुरो’ मा भएका थिए ।

## नेत्रलाल ‘अभागी’ को कृतित्व

नेत्रलालले धैरै साहित्यिक र भाषिक रचनाहरू गरेको थाहा लागे पनि हाल उनका दुईओटा कृति मात्र पूर्ण रूपमा फेला परेका छन् । यसबाहेक प्रायः कतिपय कृतिहरू छिन्नभिन्न र अपूर्ण अवस्थामा छन् भने कतिपय महत्त्वपूर्ण कृतिहरू हराइसकेका छन् । उनका कृतिहरूको थाहा पाए जतिको सङ्क्षिप्त विवरण यस प्रकार छ :

**(क) सतिसाल मात्र ठिङ्ग उभिन सक्छ (कवितासङ्ग्रह) :** यो कवितासङ्ग्रह प्रकाशित छ । यसमा प्रकाशन मिति नदिइएको भए पनि मोदनाथ प्रश्रितले लेखेको भूमिकामा उल्लिखित मितिका आधारमा यो कृति २०४२ सालमा प्रकाशित भएको देखिन्छ । लघु आयाममा १०८ पृष्ठमा रहेको यस कृतिमा २०२० सालदेखि २०४० सालसम्म लेखिएका ३३ वटा गद्यकविताहरू समाविष्ट छन् । २०३७ सालमा 'राप्ती प्रवाह' मा प्रकाशित 'सतिसाल मात्र ठिङ्ग उभिन सक्छ' कविताका आधारमा यस सङ्ग्रहको नामकरण भएको छ । यो कवितासङ्ग्रह नेत्रलालको प्रगतिवादी भावनाको प्रखर अभिव्यक्ति हो । यसलाई समीक्षकहरूले प्रगतिवादी साहित्य क्षितिजको उज्ज्वल नक्षत्रका रूपमा मूल्याङ्कन गरेका छन् । 'सतिसाल मात्र ठिङ्ग उभिन सक्छ' ले अविरल, अविकल, अश्रान्त र जनमुखी सङ्घर्षको सन्देशका साथ प्रगतिवादी साहित्यको फाँटलाई सौन्दर्य चेतनाद्वारा आलोकित गरिरहेको छ ।

**(ख) नरकको कथा (खण्डकाव्य) :** उनको यो खण्डकाव्य पनि प्रकाशित रहेको बताइन्छ । तर यो अहिले उपलब्ध छैन ।

**(ग) वर्गप्रेम (कविता सङ्ग्रह) :** यो कृति प्रगतिशील लेखक सङ्घ दाङद्वारा २०६२ मा प्रकाशित भएको देखिन्छ । यस सङ्ग्रहमा ४७ ओटा कविता सङ्कलित छन् ।

**(घ) जिम्वाल चन्द र हली सेते कामीको कथा (लघुकाव्य) :** यो काव्य उनले २०२७ सालतिर लेखेका थिए । उनकै लेखाइअनुसार यो काव्य २०२७ सालअघिको नेपाली समाजमा रहेका विकृति, विसङ्गति, दमन, शोषण तथा किसान र कमाराकमारीहरूको व्यथा–कथालाई विषयवस्तु बनाएर लेखिएको थियो । तर २०३६ सालतिर तत्कालीन शासन व्यवस्थाको क्रुर पञ्जामा परेर छिन्नभिन्न भयो, हरायो । यसका भेटिए जतिका केही अंशहरू २०४४ सालमा प्रकाशित श्रद्धाञ्जलिमा समाविष्ट छन् ।

**(ङ) टियेन जियनको 'संघर्ष' कविताको नेपाली अनुवाद :** नेत्रलालले भुवनकेशरको नामबाट चिनियाँ लेखक टियेन जियनको संघर्ष कविता र अर्का चिनियाँ लेखक यिनफुको क्रान्ति शीर्षक कविता अनुवाद गरेको कुरा वामदेव शर्माले उल्लेख गरेका छन् । तर यी कविताको वर्तमान अवस्था थाहा हुन सकेन ।

**(च) लियो टोल्स्टोयको 'कुजर सोनाटा' उपन्यासको नेपाली अनुवाद :** यो उपन्यासको पनि वर्तमान अवस्था अज्ञात छ ।

**(छ) रवीन्द्रनाथ टैगोरको 'गीताञ्जली' को नेपाली अनुवाद :** यो कृति पनि अप्रकाशित नै छ र अवस्था अज्ञात छ ।

**(ज) 'विस्तारै बग्दै छ दोन्द्रे' (एक रसियन उपन्यास) को नेपाली अनुवाद :** यो उपन्यासको पनि वर्तमान अवस्था अज्ञात छ ।

**(झ) थारू भाषा–नेपाली शब्दकोश :** यो कृतिको अस्तित्व पनि अज्ञात छ ।

**(ञ) नेपाली साहित्य समालोचना :** यसले नेत्रलाललाई एक जना समालोचकका रूपमा चिनाउँछ । तर यस कृतिको अवस्था पनि अज्ञात छ ।

**(ट) 'गङ्गा चिनी' (महाकाव्य) :** यो कृति पनि फेला परेको छैन, जसको उल्लेख र यौटा उद्धरण पनि श्रद्धाञ्जलीमा छ । गङ्गालाल र चिनियामान काजीको नाममा यो महाकाव्यको नामकरण गरिएको कुरा वामदेव शर्माले उल्लेख गरेका छन् ।

**(ठ) 'शुक्र' महाकाव्य : सम्भवत:** यो महाकाव्य सहिद शुक्रराज शास्त्रीलाई नायक बनाएर लेखिएको अभागीको सबभन्दा ठूलो काव्यकृति हो । यसको एकमात्र पाण्डुलिपि प्रकाशन गर्नका निमित्त उनका भूमिगत सहकर्मी मेघबहादुर बी.सी.ले लिएका थिए । तर त्यो उनका हातबाट हरायो । यो जानकारी नेत्रलाल पौडेलकी धर्मपत्नी विष्णु कविता पौडेलले दिएकी हुन् ।

**(ड) 'अभागी' नाटक :** यो कृति पनि प्राप्त भएको छैन । यसको रचना उनले अर्घाखाँचीमा शिक्षण गर्दा गरेका थिए र यसको

मञ्चन समेत आफ्नै निर्देशनमा गरेका थिए।

भागवतप्रसाद शर्माले दिएको मौखिक जानकारीअनुसार नेत्रलालका माथि उल्लेख गरिएका तीन कृति (सतिसाल मात्र ठिङ्ग उभिन सक्छ, वर्गप्रेम र नरकको कथा) पूर्ण रूपमै प्रकाशित छन्। जिम्वाल चन्द र हली सेते कामीको कथा अपूर्ण रूपमा प्रकाशित छ भने अन्य सबै कृतिहरू अपूर्ण छन् र अप्रकाशित नै छन्।

उपर्युक्त कृतिहरूबाहेक नेत्रलालका थुप्रै गीत, कविता, लेख, निबन्ध र समालोचनाहरू विभिन्न छद्म नामबाट सन्देश, झिसमिसे, आँकुरो, सुस्केरा, मितेरी, दैनिक निर्णय, गोचाली, सङ्कल्प, ज्योत्स्ना, राप्ती प्रवाह, जनताका गीतहरू, पौरख, हातेमालो, प्रकाश, छलफल, विद्यार्थी कदम, अक्षलोक आदि पत्रपत्रिकाहरूमा छरिएर प्रकाशित भएका छन् जसको सङ्ग्रह र वर्गीकरण गर्दा अनेक ग्रन्थरत्न तयार हुन सक्छन्।

## निष्कर्ष

यस लेखमा नेत्रलाल 'अभागी' को जीवनयात्राका साथै व्यक्तित्व र कृतित्वमा केन्द्रित रहेर विमर्श गरियो। उनको जीवनयात्राको समीक्षा गर्दा के देखिन्छ भने नेत्रलाल व्यक्तिगत रूपमा विभिन्न दुःख, कष्ट, लाञ्छना र तिरस्कार भोगेर पनि नेपाली समाज र जनताको मात्र होइन, विश्व मानव जातिकै सुख, शान्ति र मुक्तिको सपना बोकेर आमूल परिवर्तनका निम्ति व्यावहारिक प्रयत्नमा लागेका क्रान्तिकारी नेता र भावुक कवि थिए। मानिसका संवेग, भावना, विचार र स्वभावहरूको निर्माणमा सामाजिक वस्तुस्थितिको महत्त्वपूर्ण भूमिका रहन्छ भन्ने कुरा नेत्रलाल पौडेल अभागीका जीवनयात्राको उल्लिखित विवरणबाट स्पष्ट हुन्छ। उपर्युक्त अनुशीलनबाट बाल्यावस्था र किशोरावस्थासम्मका नेत्रलाल प्राचीन वैदिक वर्णवादी आर्य आदर्शको पुनरुत्थानका पक्षधर रहेको, प्राथमिक युवावस्थाबाट द्वन्द्वात्मक भौतिकवादी दर्शनतिर आकृष्ट हुँदै राजनीतिक रूपमा साम्यवादी विचारधाराका पक्षपाती बन्न पुगेको र पूर्ण वयस्कावस्थामा पुग्दा पूर्णतः वामपन्थी राजनीतिका प्रचारक र सङ्गठक बन्न पुगेको देखिन्छ।

जीवनको पछिल्लो चरणका नेत्रलालको ध्येय र भावना शोषित, पीडित वर्ग र विश्व मानव जातिको मुक्तिका लागि समर्पित थियो। नेपाली क्रान्तिको विजय र जनताको मुक्तिको पवित्र चाहनालाई मुटुभरि सजाएर उनले सामन्तवाद, दलाल–नोकरशाही पूँजीवाद, विस्तारवाद, साम्राज्यवाद तथा प्रभुत्ववादका विरुद्धको तिखो लडाइँमा आफ्नो जीवनको अन्तिम क्षणसम्म नथाकेरै लडे। यस क्रममा अनेकौँ साहित्यिक कृतिमार्फत जनतालाई जगाउने र मानसिक ऊर्जा दिने काममा पनि नेत्रलाल सक्रिय रहे। नेत्रलालका रचनाहरू सरल, सहज र मार्मिक छन् र तिनमा गरिब दलित जनता र सङ्घर्षको पक्ष तथा दमन, शोषण, उत्पीडन, अन्याय र अत्याचार विरुद्धको स्वर मुखरित छ। भाषाविज्ञानको दृष्टिमा उनी झर्रोवादका समर्थक थिए साथै कथ्य र लेख्य भाषामा अन्तर मन पराउँथे।

नेत्रलालले आफ्नो व्यस्त राजनीतिक जीवनबाट पनि केही फुर्सदका क्षणहरू निकालेर साहित्यिक रचनाहरू तयार पारेका हुन्। २०१५ सालको हाराहारीदेखि देखा परेको उनको विद्रोही कवि भावना, विचार र व्यवहारसँगै विकसित भएर नेपाली प्रगतिशील साहित्याकाशको एउटा चम्किलो तारा बन्न पुग्यो। ३० र ४० को दशकमा उनले निकै महत्त्वपूर्ण साहित्यिक रचनाहरूको सिर्जना गरे। कविता, लेख, बाल–साहित्य, काव्य र गीत उनले कलम चलाएका प्रमुख विधाहरू हुन्। नेपाली भाषामा रहेका कतिपय जटिलता र विरोधाभासी पक्षहरूलाई सरल र सुबोध पार्ने विषयमा पनि उनले गहिरो अध्ययन र चिन्तन गरेका थिए। यस दिशामा नौलो प्रयोगका रूपमा छलफलका लागि झिसमिसे पत्रिकामार्फत जोशबहादुरको नाममा दुईओटा महत्त्वपूर्ण भाषासम्बन्धी लेखहरू प्रकाशित गरेका थिए। उनका अप्रकाशित रचनाहरू थुप्रै छन् र तिनीहरूमध्ये 'गङ्गा–चिनी काव्य' सबैभन्दा ठूलो र महत्त्वपूर्ण रचना हो। नेत्रलालले नेपालको इतिहासलाई सङ्क्षिप्त गरी काव्यका रूपमा तयार पार्न लागेको तर त्यो अधुरै रहेको बताइन्छ। उनले सिर्जना गरेका अनगिन्ती रचनाहरू ०३६।०३७ को व्यापक दमनको दौरानमा लथालिङ्ग पारिए।

तिनीहरूको खोजबिन, सङ्ग्रह र प्रकाशन कार्यमा सम्बन्धित क्षेत्रबाट विशेष चासो राखिनु आवश्यक छ।

**कृतज्ञता ज्ञापन**

प्रस्तुत अध्ययनका लागि सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने नेत्रलाल अभागी स्मृति प्रतिष्ठान दाङ, वामदेव शर्मा आचार्य भमकेका साथै सन्दर्भसामग्री सूचीमा नाम उल्लेख भएका सबै लेखक अनुसन्धाता तथा लेख हेरेर सुझाव दिने विज्ञज्युप्रति सादर कृतज्ञता व्यक्त गर्दछु।

**सन्दर्भ सामग्रीसूची**

कौशिक, रमेश (२०४४), 'वहाँलाई सम्झदा', श्रद्धाञ्जली नेत्रलाल पौडेलप्रति, दाङ—देउखुरी : चिनारी प्रकाशन, पृ. ३८–४०।

चौधरी, जुकनु (२०४४), 'क. नेत्रका केही रोचक प्रसंगहरू', श्रद्धाञ्जली नेत्रलाल पौडेलप्रति, दाङ—देउखुरी : चिनारी प्रकाशन, पृ. ६१–७०।

नेपाल, बिन्दू (२०४४), 'नेत्रलाल अभागीज्यूलाई सम्झँदा', श्रद्धाञ्जली नेत्रलाल पौडेलप्रति, दाङ—देउखुरी : चिनारी प्रकाशन, पृ. ४७–६०।

नेपाल, प्रदिप (प्रकाशन मिति उल्लेख नभएको), मुक्त आकाशको खोजी, फुल्चोकी : पुस्तक तथा मसलन्द भण्डार।

प्र. नेपाल कम्युनिष्ट पार्टी (माक्र्सवादी—लेनिनवादी) केन्द्रीय कमिटी (२०४४), 'समवेदना सन्देश', श्रद्धाञ्जली नेत्रलाल पौडेलप्रति (भूमिका खण्ड). दाङ—देउखुरी : चिनारी प्रकाशन।

प्रश्रित, मोदनाथ (२०४२), 'कवि जस्ता कविता र कविता जस्ता कवि', सतिसाल मात्र ठिङ्ग उभिन सक्छ, प्रकाशन स्थान र प्रकाशक उल्लेख नभएको।

प्रश्रित, मोदनाथ (२०४४), 'जसले केवल दिन मात्र जान्यो', श्रद्धाञ्जली नेत्रलाल पौडेलप्रति, दाङ—देउखुरी : चिनारी प्रकाशन, पृ. ७९–८५।

विवेक (२०४४), 'एउटा गहिरो चिनारी जो मरेर पनि मुटुभरी बाँचेकै छ', श्रद्धाञ्जली नेत्रलाल पौडेलप्रति, दाङ—देउखुरी : चिनारी प्रकाशन, पृ. ४१–४६।

शर्मा, दिपक (२०४४), 'कमरेड नेत्रलाल पौडेलको संक्षिप्त जीवनी', श्रद्धाञ्जली नेत्रलाल पौडेलप्रति, दाङ—देउखुरी : चिनारी प्रकाशन, पृ. १६–३७।

शर्मा, भागवतप्रसाद (२०६२), 'मन्तव्य', वर्गप्रेम, दाङ : प्रगतिशील लेखक सङ्घ।

शर्मा, वामदेव (२०६२), नेत्रलाल अभागीको वर्गसापेक्ष साहित्य र राजनीतिक यात्रा. दाङ : रक्तदीप प्रकाशन।